# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ मितिः २०७७।०३।२३

## भाग-२

# समुह/सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका, २०७७

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पु-याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बालसमुह गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय

विकास मन्त्रालयले जारी गरेको नमुना निर्देशिकालाई आधार मानी सुनिल स्मृति गाउँपालिका भित्र बालसमुह तथा सञ्जाल गठन र व्यवस्थापन मार्फत अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नका लागि गाउँ कार्यपालिकाले बाल समुह/सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका, २०७७ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम “बालसमुह/सञ्जाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका, २०७७” रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट अनुमोदन भएको भोलिपल्ट देखि नै लागू हुनेछ ।

**२. ञपरिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएकोछ ।

(क) “स्थानीय तह”भन्नाले सुनिल स्मृति गाउँपालिका तथा वडा कार्यालयहरुलाई जनाउनेछ ।

(ख) “सेवा प्रदायक कार्यालय” भन्नाले नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्था, विद्यालयहरु, विद्यालय श्रोत केन्द्र, प्रहरी कार्यालय, सामाजिक तथा गैरसरकारी सघंसस्था आदिलाई जनाउनेछ ।

(ग) “बालसमुह” भन्नाले यस निर्देशिका बमोजिम गठन

भई गाउँपालिका तथा वडा कार्यालयहरुमा सूचीकृत भएका १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुको संगठनलाई जनाउनेछ ।

(घ) "बालसञ्जाल" भन्नाले यस निर्देशिका बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका बालसमुहहरुको सञ्जाललाई जनाउनेछ । यसशब्दले वडा तथा गाउँस्तरीय बालसञ्जालहरु समेतलाई बुझाउनेछ ।

(ङ) "विशिष्टीकृत बालसमुह" भन्नाले विश्वब्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यकासाथ निर्माण गरेका समुहहरु: जुनियर रेडक्रस, रेयुकाइ समुह जस्ता विशेष समुहलाई जनाउनेछ ।

(च) "सहजकर्ता" भन्नाले बालसमुह तथा सञ्जालको गठन र सञ्चालनका लागि सहजीकरण गर्न निर्देशिका बमोजिम नियुक्त गरिएको व्यक्तिलाई जनाउनेछ ।

(छ) "सहयोगी संस्था" भन्नाले यस गाउँपालिकाको क्षेत्र भित्र रहेका बालसमुहतथा सञ्जालहरुलाई सहयोग गर्ने, बालअधिकार संरक्षण तथा प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरु वा सामाजिक संस्थाहरुलाई जनाउनेछ ।

(ज) "सामाजिक परिचालक"भन्नाले गाउँपालिका तथा वडा कार्यालयहरुमा कुनै कार्यक्रम सञ्चालन गर्न नियुक्त गरिएका सामाजिक परिचालकलाई जनाउनेछ ।

(झ) "संरक्षक शिक्षक" भन्नाले विद्यालय स्तरमा गठन

भएका बालसमुहलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

३. **निर्देशिकाको उद्देश्य:** यस निर्देशिकाको मूलभूत उद्देश्य निम्नानुसार रहेको छ:

(क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) बालसमुहहरुको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

(ग) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पु-याउने ।

(घ) बालसमुहलाई एकद्वार प्रणाली मार्फत क्रियाशील गरी बालसहभागिताको सुनिश्चितताको लागि सहयोग गर्ने ।

(ङ) सवै बालसमुहहरुको गठन, क्षमता विकास र परिचालनमा एकरुपता ल्याउने ।

(च) गाउँपालिका तथा वडाहरुको वार्षिक योजना चक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र उपलव्धी मापन) मा सार्थक बालसहभागिता सुनिश्चित गर्ने ।

४. **निर्देशिकाको कार्यान्वयन:** निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ:

(क) गाउँपालिका तथा वडाहरुमा बालसमुह तथा सञ्जाल गठन, व्यवस्थापन र सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु गाउँपालिकाको

दायित्व हुनेछ ।

(ख) बाल सहभागिता प्रबद्र्धन तथा बालसमुह सहजीकरणका लागि यस निर्देशिकाको कार्यान्वयनको लागि गाउँपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशिल स्थानीय, राष्ट्रिय गैसस, अन्तर्राष्ट्रिय गैसस तथा विकास साझेदारहरुको जिम्मेवारी हुनेछ ।

## परिच्छेद २

## बालसमुहको गठन प्रकृया

**५. बालसमुहका किसिम:**

१. बालसमुहः बालबालिकाहरुका लागि बालबालिकाहरु नै मिलेर गठन गरिएको बालसमुह सामान्य अवस्थामा २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समुहलाई नै बालसमुह मानिनेछ ।

२. यसरी गठन भएका बालसमुहहरु गाउँपालिका तथा वडा कार्यालयमा सूचीकृत र नवीकरण गर्नुपर्नेछ ।

३. एक विद्यालयमा एक बालसमुह रहनेछ । विभिन्न उमेर र विषयगत बालसमुहहरू सोही बालसमुह अन्तर्गत उपसमुहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

४. विद्यालयस्तरका वाल उपसमुह गठन गर्दा तीन वटा

उमेर समुहका (५ देखि ११ वर्ष उमेर समुह, १२ देखि १५ वर्ष उमेर समुह र १६ देखि १८ वर्ष उमेर समुह) आधारमा छुट्टाछुट्टै गठन गर्नुपर्नेछ । तरसमुदायस्तरका बालसमुह गठन गर्दा ५ देखि १८ वर्ष उमेर समुहको एउटैबालसमुह गठन गर्न वाधा पर्नेछैन ।

४.१. बालसमुह सामान्यतया ५ प्रकारका हुनेछन्:

(क) समुदायमा आधारित बालसमुह

(अ) समुदायमा आधारित बालसमुह निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बालसमुहहरु भनिनेछ ।

(आ) यस्ता बालसमुहहरु कुनै टोल, बस्ती, वडा भित्र बालसमुह गठन गर्न सकिन्छ ।

(इ) यस्ता बालसमुहले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नपुर्नेछ ।

(ई) बालसमुहमा उक्त क्षेत्रभित्र सामान्यतः ६ महिना वा सो भन्दा वढि स्थायी वा अस्थायी बसोबास भएको बालबालिका

मात्र सदस्य बन्न सक्नेछन् ।

(ख) विद्यालयमा आधारित बालसमुह

(अ) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रवद्र्धन गर्न गठन भएका बालसमुहलाई विद्यालयमा आधारित बालसमुह भनिनेछ ।

(आ) सम्बन्धित विद्यालय भित्रका सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थावाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

(इ) (इ) बालसमुहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनु पर्दछ ।

(ग) विषयगत बालसमुह

(अ) विषयगत रुपमा निश्चित विषयहरूः बालिकाहरूको मात्र सवाल, बाल विवाह,स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, वातावरण संरक्षण, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बालसमुहहरू

गठन गर्न सकिनेछ ।

(आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बालसमुहलाई विषयगत बालसमुह मानिनेछ ।

(इ) विद्यालयभित्र यस्ता बालसमुह गठन भएमा उक्त समुहलाई विद्यालयस्तरीय बालसमुहकै उपसमुह मानिनेछ ।

(घ) विशिष्टीकृत बालसमुह

(अ) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बालसमुह गठन गर्न सक्नेछन् ।

(आ) यस्ता बालसमुहहरुको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन् ।

(ङ) बालसमुह सञ्जाल

(अ) गाउँपालिकामा सूचीकृत भएका बालसमुहहरू एक आपसमा भेला भई एकआपसका काम र अभियानहरूलाई

साथ सहयोग गर्ने तथा एक आपसकासरोकारहरूलाई सामूहिकीकरण गर्न बालसमुह सञ्जाल गठन गर्न सक्नेछन् ।

(आ) यसरी बालसमुह सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बालसमुहहरू सम्मिलित गर्न सकिनेछ ।

## ६. बालसमुह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण

(१) बालसमुह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रकृया पूरा गर्नुपर्नेछ ।

(क) समुदायमा आधारित बालसमुह गठन गर्न चाहने व्यक्ति, समुह तथा संगगठनले बालसमुह गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यनूतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुला सूचना दिनुपर्नेछ ।

(ख) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरूमा समेत दिनुपर्नेछ ।

(ग) सूचना उपलब्ध गराउने विधिमा गाउँपालिका वा वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समुहका

कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालयहरुमा सुचना टाँस गरी र सम्पर्कमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

(घ) बालसमुह गठन गर्ने भेलामा सामान्यतया २५ जना बालबालिकाको उपस्थिति हुन पर्नेछ ।

(ङ) यस्तो भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ ।

(च) भेलामा छलफलका विषयहरुःबाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, स्थानीय तहमा बालसमुह गठन गर्नुको कारण र योजना, बालसमुहको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन् ।

(छ) यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ । यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति रलिङ्ग समेत जनाउने गरी उपस्थिति गराउन

सकिने छ ।

(झ) विद्यालयमा आधारित बालसमुह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचनाप्रदान गरिनुपर्दछ । एवं भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ ।

(ञ) विषयगत बालसमुह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

**७. नेतृत्व चयनः**

(१) दफा ६ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमति भएमा देहायकाको आधारमा बालसमुहको नेतृत्व चयन गर्न सकिने छ । कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकामाझ छलफल गरी तय गर्नुपर्नेछः

(क) बहुपदीय नेतृत्वः बालसमुहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्षतथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्वः बालसमुहमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । अर्को बैठकमाअहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने ।

यही प्रक्रिया आगामी बैठकहरूमा दोहोर्‍रिँदै जाने ।

(२) बालसमुहको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(३) बालसमुहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन् । यस्तो उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य रहनेछन् ।

(४) बालसमुहको नेतृत्वमा ५० प्रतिशत बालिका, समग्रमा १० प्रतिशत दलित बालबालिका र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका सदस्यहरूका लागि सिट संख्या आरक्षित गर्नुपर्नेछ।

(५) बालसमुहको पदाधिकारीमा बालक र बालिकाको संख्या बराबरी छात्रुपर्नेछ ।

(६) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बालसमुहको नेतृत्वमा बस्न पाउनेछैनन् ।तर बालसमुहका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्नसक्नेछ ।

(७) समुदायमा आधारित बालसमुहको नेतृत्व न्यूनतम्प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ भने विद्यालयमा आधारित बालसमुहको नेतृत्व परिवर्तन हरेक वर्ष गर्नुपर्नेछ ।

(८) एकै व्यक्ति बालसमुहको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाधक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्नेछैन तर

कार्यसमितिको सदस्य भने बस्न फरक पर्नेछैन ।

(९) ८ वर्ष भन्दा कम उमेर समुहका बालबालिकालाई बालसमुहको नेतृत्वमा रहनेछैनन् ।

(१०) बालसमुहका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछः

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बालसमुहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्नसक्ने ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।

(घ) नेतृत्व गर्न चाहनेहरु वीच विभिन्न उप समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने।

(ङ) माथि उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु माझ गोप्य मतदान गराउने र प्राप्त मतका आधारमा नेतृत्व चयन गर्न मद्धत गर्ने ।

## ८. बालसञ्जालहरूको गठन

(१) बालबालिकाहरुको साझा समस्या तथा सवालहरु अझै संगठित रुपमा उठाउन, बालसमुहहरू वीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको

सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बालसमुह सञ्जालको गठन गरिनेछ ।

(२) बालसमुह सञ्जाल वडा स्तर र गाउँपालिका स्तरमा गठन गरिनेछ ।

(३) बालसमुह सञ्जाल गठन गर्नका लागि (वडा र गाउँपालिका) तहमा बालसमुहहरूको प्रतिनिधि भेलाको आयोजना गरिनेछ ।

(४) यसरी भेला आयोजना गर्दा भेला आयोजनाको लागि तोकिएको दिन भन्दा कम्तीमा पनि १० (दश) दिन अगावैसञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) सबै बालसमुहहरूलाई भेलाको सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ:

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बालसमुहको प्रतिनिधि संख्या (जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(५) बालसमुहका प्रतिनिधिहरूले भेलामा सहभागी हुन

देहायका शर्त पूरा गर्नु पर्नेछ:

(क) सम्वन्धित बालसमुहले प्रतिनिधि छनोट गरी पठाइएको चिठ्ठी,

(ख) समुदायमा आधारित बालसमुहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति,

(ग) विद्यालयमा आधारित बालसमुहको हकमा उक्त भेलामा सहभागी हुन जानका लागि सम्बन्धित बालक वा बालिकाको अभिभावक तथा विद्यालय प्रधानाध्यापकको लिखित सहमति पत्र,

(६) बालसमुहले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक,बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउनुपर्नेछ,

(७) सञ्जाल भेलामा सहभागी हुने बालसमुह प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रबसोबास भएको हुनुपर्नेछ,

**९. वडा तथा गाउँपालिका स्तरीय बालभेलाका लागि सहभागीको छनौट:**

(क) वडाभेला: वडा अन्तगत प्रत्येक टोल, बस्ती र समुदाय स्तरमा गठन भएका बालसमुह सदस्यहरुको भेलाले आफु मध्येवाट छनौट गरीपठाएका ३ जना (बालक १, बालिका १ र अपांगता भएका वा लोपोन्मुख जातजाति मध्येबाट

१ जना )वडा अन्तगत पर्ने बिद्यालयहरुमा गठित बालसमुहहरुको भेलाले छनौट गरी पठाएका १ जना बालक र १ जना बालिका ।

(ख) गाउँपालिका स्तरीय बालभेला: गाउँपालिका अन्तगतका वडास्तरीय बालसञ्जालहरुले आफ्ना सदस्य मध्येवाट छनौट गरीपठाएका ३ देखि ५ जना (२ बालक, २ बालिका र अपांग वा लोपोन्मुख जातजाति मध्येबाट १ जना ) सम्मको बालप्रतिनिधिहरु ।

प्रत्येक बालसञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक १ बर्षमा गर्नुपर्दछ ।

**१०. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन:**

(१) बालसमुह तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाहरु माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(२) समक्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एकले अर्कोको नेतृत्व स्वीकार्न सक्ने वातावरण बनाउन पहिलो प्रयत्न गर्नुपर्नेछ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समुह वा उपसमितिहरूको गठनबाटविभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्नसकिनेछ ।

(४) बालबालिकाहरुमाझ नेतृत्वका लागि हुने स्वच्छ प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा

चाहना र प्रभावबाटमुक्त राखिनुपर्नेछ ।

**११. बालसमुह तथा सञ्जाल आवद्धता तथा सूचीकरण**

(१) समुदाय तथा विद्यालयमा गठन भएका बालसमुह तथा सञ्जालहरू गठन भएको एक महिनाभित्र वडा स्तरमा गठन भएका वडा कार्यालयमा र गाउँपालिका स्तरमा गठन भएका गाउँपालिकामा सूचीकृत गर्नुपर्नेछ । वडाकार्यालयमा सूचीकृत भएका बालसमुह/सञ्जालको विवरण वडा कार्यालयवाट नियमित रुपमा गाँउपालिकामा पठाउनुपर्नेछ ।

(२) बालसमुह सूचीकरण हुँदा समुहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथासदस्यको नाम, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र आवद्द निकाय खुलाइएको हुनुपर्नेछ ।

(३) सूचीकृत बालसमुहहरू हरेक वर्ष नवीकरण हुनुपर्दछ । यसरी नवीकरण गराउदा नवीकरणको लागि निवेदन, सम्बन्धित बालसमुह तथा सञ्जालको बार्षिक भेलाको उपस्थिती र पुर्नगठित वा विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क फोन नम्वर बालसमुहले अघिल्लो वर्ष सम्पन्न गरेका विभित्र गतिविधिको कार्यप्रगति संलग्न गर्नु पर्नेछ ।

(४) विद्यालयमा आधारित बालसमुहले नवीकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिश पत्र पनि आवश्यक संलग्न गर्नुपर्दछ ।

(५) आवद्धता तथा सूचीकरणका लागि बालसमुहको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्नेछन् । बालसमुहको नाम त्यसै क्षेत्रको अर्को बालसमुहको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिनेछैन ।

(६) बालसमुहको नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिनेछैन ।तर ती बालसमुहहरु तथा सञ्जालहरुको क्षमता अभिवृद्धि, तिनिहरुले उठाएका मुद्दाहरुको लागि वकालत जस्ता कामहरु गर्नलाई आवश्यक सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

(७) बालसमुहको सूचीकरण तथा नवीकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति प्रदान गर्नुपर्नेछ ।

(८) सम्बन्धित वडा तथा गाउँपालिकाको योजना प्रक्रियाहरुमा वा नीति निर्माण प्रक्रियामा त्यस्ता बालसमुह तथा बालसञ्जालहरुले आफ्नो क्षेत्रभित्रका सबै बालबालिकाहरुको प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्नेछ ।

(९) सूचीकृत तथा नवीकरण भएका बालसमुह र बालसञ्जालहरुको सम्पूर्ण विवरण सम्वन्धित वडा तथा गाउँपालिकाले प्रकाशन गर्ने बालबालबालिकाको स्थिति प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नुपर्नेछ ।

**परिच्छेद ३**

## सहजकर्ता सम्बन्धी व्यवस्था

**१२. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू:**

(१) बालसमुहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थिति मान्य हुनेछैन ।

(२) प्रत्येक बालसमुह तथा बालसञ्जाल सहजीकरण गर्न एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुनेछ ।

(३) सहजकर्ताले बालसमुह तथा बालसञ्जालको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरुलाई सही र उपयुक्त उपायहरु सुझाउने, आवश्यक श्रोत साधन जुटाउन तथा उपलब्ध श्रोत साधन सम्म उनीहरुको पहुँच पु-याउन सहयोग गर्नुपर्नेछ ।

(४) बालसमुहतथा बालसञ्जालका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता, संस्था वा सम्बन्धित कार्यालयको पनि नैतिक जिम्मेवारी रहनेछ ।

(५) सहजकर्ताको छनौटमा बालसमुहको सहभागिता र सहमती अनिवार्य रहनेछ ।

**१३. वयस्क सहजकर्ताको चयन**

(१) बालअधिकार संरक्षण तथा प्रर्वद्धन गर्न सहयोग गर्ने स्थानीय संस्था वा वडा कार्यालय तथा गाउँपालिकाले वयस्क सहजकर्ता नियुक्त गर्नेछ । यसरी सहजकर्ता चयन गर्दा बालसमुहको सहमति अनिवार्य हुनेछ ।

(२) वयस्क सहजकर्ताले सहजीकरण गरे वापत

बालसमुहसँग कुनै पनि नगदी वा जिन्सी फाईदा वा पारिश्रमिक लिन सकिनेछैन । तर सहयोगी संस्था वा वडा कार्यालय वा गाउँपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) विद्यालयमा आधारित बालसमुहको सहजकर्ता शिक्षकहरूमध्येबाट, समुदायमा आधारित बालसमुहको सहजकर्ता स्थानीय बालसंरक्षण समिति वा बालमैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्पmबाट तोक्न सकिनेछ ।

(४) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्तासम्बन्धित वडा तथा गाउँपालिका क्षेत्र भित्रको हुनुपर्नेछ ।

**१४. बालसमुहको सहजकर्ता हुनका लागि चाहिने योग्यता**

(१) बालसमुहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ:

(क) बालसमुहका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

(ख) वयस्क सहजकर्ता न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ३० वर्ष उमेरसमुहको व्यक्ति हुनेछ । तर विद्यालय शिक्षकको हकमा भने उमेर हद लागु हुने छैन ।

(ग) बालअधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको ।

(घ) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको ।

(ङ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।

(च) बालबालिकाविरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिवद्ध भएको ।

(छ) कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सकृय जिम्मेवारीमा नरहेको ।

(ज) फौजदारी अपराधमा संलग्न नभएको ।

(झ) मदिरा, सुर्ती, चुरोट, लागु औषधको अम्मल नभएको व्यक्ति ।

## १५. वयस्क सहजकर्ताको भूमिका र सीमितता

(१) स्थानीय वयस्क सहजकर्ता बालअधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र दफा १४ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन् र यस्ता वयस्क सहजकर्ताले बालसमुहमा देहायका भूमिकाहरू निवार्ह गर्नु पर्नेछ:

(क) बालसमुह तथा बालसञ्जालको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजीकरण गर्ने।

(ख) बालसमुह तथा बालसञ्जालहरु र स्थानीय सरकार तथा सम्वन्धित कार्यालय, संस्थाहरु वीच सम्पर्क, सम्वन्ध र समन्वय बढाउन सहजीकरण गर्ने ।

(ग) बालसमुह तथा बालसञ्जालल नेतृत्व गरेका कृयाकलाप वा कार्यक्रमहरुको लागि

आवश्यक श्रोतसाधन जुटाउन सहयोग तथा सहजीकरण गर्ने ।

(घ) बालसमुह तथा बालसञ्जालका सामग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने रसम्पत्तिको संरक्षण गर्ने ।

(ङ) बालसमुहका सदस्यहरूमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने ।

(च) बालसमुह र अन्य समुदाय वीच विवाद उत्पन्न भएमा त्यसको समाधानकालागि सहजीकरण गर्ने ।

(छ) बालसमुहलाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचनासामाग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।

(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, बालसमुह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।

(झ) बालसमुह वा सञ्जालका कुनै पनि सदस्य आफ्नो घरपरिवार र समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनुपरेमा सम्बन्धित अभिभावक र विद्यालयको सहमति पत्र लिन सहजीकरण गर्ने र आवश्यकता अनुसार वयस्क संरक्षकको भूमिका निभाउने ।

(२) वयस्क सहजकर्ताले बालसमुहको सहजीकरण गर्दा गर्न नहुने कार्यहरु:

(क) बालसमुह तथा बालसञ्जालको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

(ख) बालसमुहको योजना आफैले बनाउने, निर्णयहरू आफैले गर्ने र सदस्यहरूलाई आफ्नो इच्छानुसार निर्णयमा सहमत मात्र गराउने ।

(ग) बालसमुह तथा सञ्जाललाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।

(घ) बालसमुह तथा सञ्जालका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।

(ङ) बालसमुह तथा सञ्जालका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुव्र्यवहार गर्ने वा धम्की दिने ।

(च) बालसमुहका तथा सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

(छ) बालसमुह तथा सञ्जालका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।

(ज) बालसमुह तथा सञ्जालका सदस्यहरूलाई एक अर्काविरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समुह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न

लगाउने ।

(झ) बालसमुह तथा सञ्जालका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।

(ञ) बालसमुह तथा सञ्जालका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

(३) सहजकर्ताले नियम १४ (२) मा उल्लेखित व्यवहार तथा गतिविधि गरेमा आवश्यक प्रमाण सहित सम्बन्धित विद्यालय, वडा, गाउँपालिका वा सहयोगी संस्था जो कोहीले उजुरी दिन सक्नेछन् ।

(४) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गर्दा दोषी भएको पाइएमा नियुक्त गर्ने संस्थाले सम्बन्धित सहजकर्तालाई नसिहत दिने, आगामी निश्चित अवधीसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पदबाट हटाउने र घटनाको प्रकृति हेरी आवश्यक कार्वाहीका लागि प्रक्रिया अघि बढाउनेछ । तर, उजुरीको छानविन प्रक्रियामा सम्बन्धित सहजकर्तालाई एकपटक आफ्नो कुराहरु राख्ने अवसर दिइनेछ ।

## परिच्छेद ४

## बालसमुहको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था

### १६. नियमित बैठक तथा छलफलका विषयहरू

(१) बालसमुह तथा सञ्जालको बैठकको आयोजना

विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सदस्यहरुलाई उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) बैठकमा वयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्नेछैन ।

(४) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नुपर्नेछ ।

(५) बैठकमा सामान्यतया उनीहरुको आफ्नै कार्ययोजना, कृयाकलाप, समस्या तथा सिकाईहरुमा छलफल हुनुपर्नेछ ।

**१७. कार्यक्रम योजना निर्माणः**

(१) बालसमुह तथा सञ्जालको देहायका अवस्थालाई ध्यान दिई बालबालिका सम्बन्धी योजना निर्माण गर्नेछ ।

(क) बालसमुहको बैठक तथा वार्षिक भेलाले मात्र वार्षिक योजना तय गर्नेछ । यसरी योजना तय गर्दा बालबालिकाहरु आफ्नै लागि र आफूले आवश्यक ठानेका र गर्न सकिने कृयाकलाप मात्र योजनामा राख्नु पर्नेछ ।

(ख) बालसमुह तथा सञ्जालको कृयाकलाप वा कार्यक्रमको योजना निर्माण गर्दा मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

(२) बालसमुहको कार्यक्रम मूलतः देहायको विषयमा केन्द्रित हुनुपर्दछ:

(क) बालअधिकारको प्रचार प्रसार: बालबालिकाले स्थानीय तहमा बालबालिकाको हक अधिकार र कर्तब्य सम्बन्धी प्रचारप्रसार गर्ने जस्तै: हाजिरीजवाफ, गीत, कविता, खेल,कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक,रेडियो कार्यक्रम, पत्र लेखन जस्ता कृयाकलापहरु।

(ख) बालअधिकार अनुगमन: बालसमुह तथा सञ्जालहरूले आफ्नो क्षेत्र भित्रका बालबालिकाको अवस्था, बालअधिकारको अवस्था कस्तो छ भनेर अनुगमन गर्न सक्छन् । वडा कार्यालय, गाउँपालिकाको कार्यालय, विद्यालय, विभिन्न अरु कार्यालय तथा संस्थाहरुको कार्यालयमा गुनासो पेटिका राखेर, बालसमुह छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको भ्रमण गरेर, अभिभावकहरुसँग अन्तरक्रिया गरेर यसको अवस्था थाहा पाउने र थाहा पाएको कुराहरु विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय, गाउँपालिकाको कार्यालय, स्थानीय बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति वा सहयोगी संस्थाहरु समक्ष तत्काल जानकारी गराउने ।

(३) सेवाका लागि सम्प्रेषण र सुझाव: बालसमुह तथा सञ्जालहरूले आफ्नो समुदाय तथा विद्यालयमाहिंसा, शोषण, दुव्र्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमावा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय, गाउँपालिकाको कार्यालय, स्थानीय बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति वा सहयोगी संस्थाहरु समक्ष सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास रसंरक्षणमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू: बालसमुहहरूको सदस्यहरूका लागिबालसमुहहरूको सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्ते पत्रिका, वक्तित्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु ।

(५) सामुदायिक स्वयंसेवाःबालसमुहका १४ वर्षभन्दा माथि बालबालिकाले कसैको करकाप विना सुरक्षित ढंगले वयस्कहरूको साथमा गर्ने सामुदायिक स्वयंसेवाका कार्यहरु गर्न सक्छन् ।तर यस्तो सेवामूलक कृयाकलापहरु बालबालिकाहरुको हित विपरित, उल्टै बालबालिकाहरुलाई जोखिममा

धकेल्ने, उनीहरुको नैतिक तथा भौतिक क्षति हुने खालको छैनन् भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ । प्रचलित कानुनले बर्जित गरेका, निकृष्ट वा जोखिमयुक्त कृयाकलापहरुमा बालबालिकाले सहयोग तथा सेवा गर्न सक्नेछैनन् ।

(६) बालबालिकाका सवाल तथा समस्याहरु सम्बन्धित सरोकारवालाहरु समक्ष राख्नेः बालसमुह तथा बालसञ्जालहरुले सामुहिक रुपमा वा आफ्ना प्रतिनिधि मार्फत बालबालिकासँग सम्बन्धित स्थानीय सवालहरु वा समस्याहरु वयस्कहरु, अभिभावक, स्थानीय सरकार र सम्बन्धित सरोकारवालाहरु समक्ष राख्ने र ति सवाल तथा समस्याहरुलाई सम्बोधन गर्ने ऐन कानून, योजना, नीति तथा कार्यक्रम बनाउनका लागि प्रभाव पार्ने किसिमका कृयाकलापहरु गर्ने । जस्तैः बाल भेला, अन्तरक्रिया तथा छलफल, बाल सुनुवाई, सरोकारवालाहरु भेटघाट, विज्ञप्ति निकाल्ने जस्ता कृयालापहरु आयोजना गर्न र वयस्कहरुले आयोजना गरेका यस्ता कार्यक्रमहरुमा प्रतिनिधित्व गर्दै आफ्नो कुराहरु राख्न सक्छन् ।

**१८. बालसमुहले सञ्चालन गर्ने नसक्ने कार्यक्रमहरूको सीमाः**

तल उल्लेखित ढंगले बालसमुहहरुले कार्यक्रम सञ्चालन गर्न हुँदैन ।

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्ने ।

(२) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पु-याउने कार्य ।

(३) समुदायका निश्चित जातजाती, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिंसा र दुव्र्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(५) रातको समयमा आफ्नो भन्दा परिवार बाहिर गएर गरिने कृयाकलापहरु, परिवार, विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु । तर, बालबालिकाहरुको लागि उचित सुरक्षाको सुनिश्चितता गरिएको छ भने त्यस्तो अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ र सम्बन्धित अभिभावकहरुको सहमतिमा त्यस्ता कार्यक्रम वा गतिविधिहरुमा बालबालिकाहरुले प्रतिनिधित्व गर्न सक्छन् ।

(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

(७) बालसमुहवा सञ्जालको कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार,व्यवसाय गर्ने कार्यहरु ।

(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(१०) सामाजिक शान्ति सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, स्थानीय बालअधिकार समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा गाँउपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

## परिच्छेद ५

## बालसमुहको सदस्यता सम्बन्धी व्यवस्था

### १९. सदस्यता वितरण र व्यवस्थापन

(१) बालसमुहले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्नसक्ने छ । बालसमुहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका हुनुपर्दछ ।

(२) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बालसमुहले सदस्य सदस्यता दिनुपर्दछ।

(३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दवाब दिन पाइनेछैन ।

(४) सदस्य नभएकै कारण बालसमुहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन

पाइनेछैन ।

(५) सदस्यहरूको अभिलेख बालसमुहले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ: बालबालिकाको नामथर, ठेगाना,उमेर, लिंग, (विद्यालयमा भए कक्षा), अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

(६) श्रोत साधन उपलब्ध भए सम्म बालसमुहले आफ्नो सदस्यलाई सदस्यता-पत्र पनि वितरण गर्न सक्नेछ ।

(७) बालसमुहका सदस्यहरूका लागि न्यूनतम सदस्यता शुल्क तोक्न सकिनेछ । तर कुनै बालबालिकाले केही कारणवश सदस्यता शुल्क तिर्न नसकेकै कारणले उसलाई सदस्य बन्नबाट रोक्न सकिनेछैन ।

(८) बालसमुहका सदस्यहरूले तिर्ने सदस्यता शुल्क वा नवीकरण शुल्क न्यून र स्थानीय अभिभावकहरूको क्षमताले धान्न सक्ने हुनुपर्नेछ ।

(९) बालसमुहमा विभिन्न श्रोतबाट जम्मा हुन आएको रकमको संरक्षण विद्यालय व्यवस्थापनसमिति वा स्थानीय बालमैत्री शासन समन्वय समिति वा वयस्क सहजकर्ताले पारदर्शी ढंगले राख्नु पर्नेछ ।

**२०. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन**

(१) बालसमुहका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर

प्राप्त गरुन् भन्ने मान्यता बालसमुहको नेतृत्व गर्ने समुहले राख्नुपर्दछ । बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनु पर्नेछ ।

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समुहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

(ख) आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

(ग) बालसमुहको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो समुहका सदस्य र सहजकर्तासँग आपूmले के कस्ता सवाल उठाउने भनि छलफल र परामर्श गर्नुपर्नेछ ।

(घ) बालसमुहका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समुहका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । प्रतिवेदन लेखेर बालसमुहको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

**२१. सदस्यवीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरणः**

सामान्यतया बालसमुहमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्बन गरी समाधानगर्न सकिनेछ:

(१) बालसमुहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

(२) बालसमुहको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहितानिर्माण गर्नु पर्दछ ।

(३) बालसमुहका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्तभएमा ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरीकार्यक्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनु पर्नेछ । कार्यक्रमको छनौट गर्दादेहायका आधारमा गर्नु पर्नेछ ।

(क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिने ।

(ख) बालअधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

(ग) बालसमुहले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने ।

(घ) बालसमुहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू छनौट नगर्ने ।

(ङ) समुदाय र समुदायका अन्य संस्थाहरूसँग

द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरू नगर्ने ।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरू नगर्ने ।

(छ) अन्य बालसमुह वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरूभए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

(४) बालसमुहका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरूआएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनुपर्नेछ । यसका लागिदेहायका कार्यहरू गर्न सकिनेछ ।

(क) सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमाराख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने ।

(ख) फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्नलगाउने ।

(ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बालसमुहको बैठकमा ती फरकधारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमतसदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बालसमुहले गतिविधि सञ्चालन

गर्ने।

(५) बालसमुहका सदस्यहरूमाझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा फरक धारणाभएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ ।

(क) बालसमुहका सदस्यहरूमाझ नै फरक मतको विषयमा छलफल गरी आपसीसहमति सृजना गर्ने ।

(ख) बालसमुहका सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।

(ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बालसमुहको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित फरक मतमा अध्ययन गरी निर्णय प्रदान गर्ने ।

(६) बालसमुहभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

## परिच्छेद ६

## बालसमुहको आर्थिक कोष व्यवस्थापन तथा सहायता

### २२. आर्थिक व्यवस्थापन

(१) बालसमुहले विभिन्न व्यक्ति तथा संस्थाहरुबाट आर्थिक सहयोग लिन सक्नेछन् । जस्तै: स्वेच्छिक रुपमा उठेको सदस्यहरूको नवीकरण वा मासिक शुल्क, चन्दा तथा सहयोग,संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता,विद्यालयबाट प्राप्त हुने आर्थिक

सहायता, वडा तथा गाउँपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,स्थानीय समुह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता र यस्तै अन्य आय । तर ती व्यक्ति तथा संंस्थाहरुले बालबालिकाको हित विपरित काम गरेर आर्जन गरेको श्रोतबाट उपलव्ध गराएको सहयोग लिनुहुदैन ।

(२) बालसमुहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्ने छ । बालसमुहका लागि सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न सकिनेछ ।

(३) बालसमुहको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार हुनेछ । साथै बालसमुहलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिनेछैन ।

(४) बालसमुहले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत संकलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन । यस्ता कृयाकलापमा देउसी—भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन् । यस्ताकार्यक्रम आयोजना हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

(५) बालसमुहले संकलन गरेका रकम उनीहरूले

आयोजना गर्ने बालमैत्री गतिविधिमा मात्र खर्च गर्न सकिनेछ । यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता, आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउने गरी खर्च गर्न पाइनेछैन ।

(६) बालसमुहको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बालसमुहको बृहत गतिविधि सञ्चालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बालसमुहबाट अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद ७

## बालसमुह र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

**२३. स्थानीय तह (वडा तथा गाउँपालिका) सँगको सम्बन्ध र सहकार्य**

(१) सबै बालसमुह र सञ्जालहरू आफ्नो वडा कार्यालय वा गाउँ कार्यपालिको कार्यालयमासूचीकृत तथा नवीकरण हुनेछन् ।

(२) वडा तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको बालसमुहको विवरण अद्यावधिक गर्नेछ ।

(३) वडा तथा गाउँपालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बालसमुहका गतिविधि, बालसमुह र सहजकर्ताको प्रशिक्षण तथा बालसमुह प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरू राख्न सक्नेछन् ।

(४) बालसमुह र सञ्जालले वडा तथा गाउँपालिकासँग स्थानीय विकासका कृयाकलापहरुमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरूको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरूको अनुगमन गर्न सक्नेछन् ।

(५) बालसमुह र सञ्जालले वडा तथा गाउँपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ ।

(६) बालसमुह र सञ्जालले हरेक वर्ष आफूले सम्पादन गरेका कार्यक्रमहरूको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

**२४. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्य**

(१) गाउँपालिकामा रहेका वडा बालसंरक्षण समिति, गाउँ बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन् ।

(२) यी समितिहरूमा बालसमुह वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराउन सकिनेछ ।

(३) यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बालसमुहसँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावेश गर्न सकिनेछ ।

(४) यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बालसमुह तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीयतहको योजना प्रक्रियाको पैरवी राख्न सक्नेछन् ।

(५) जोखिममा रहेका कुनैपनि बालक वा बालिकाको संरक्षण तथा अन्य सहयोगका लागिसम्प्रेषण गरिएका घटनाहरुमा तत्काल सम्बोधन गर्न सम्बन्धित निकायहरूवीच समन्वय तथा सहकार्य गरिनुपर्दछ ।

(६) यस्ता समितिहरुले समुह कार्यलाई थप प्रोत्साहन गर्नका लागि उत्कृष्ट बालसमुहतथा सञ्जाल पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ ।

## २५. बाल विकास र सहभागितामामा विद्यालय व्यवस्थापन समितिको भूमिका

(१) विद्यालयमा रहेका बालसमुहहरू विद्यालय व्यवस्थापन समितिसँग आवद्ध गर्नुपर्नेछ ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण बालबालिकासँग परामर्शमा बालसमुहका गतिविधिलाई सहयोग पुर्याउने

कार्यक्रमहरू राख्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बालसमुहका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ र यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरु प्रस्तुत गर्न लगाउन सकिनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुनसक्ने विषयहरू जस्तैः शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइनेछैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली विकास (वालमैत्री शिक्षण विधि), वालमैत्री भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बालसमुहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन लिन सकिनेछ ।

**२६. अन्य संघसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिकाः**

(१) वडा तथा गाउँपालिकामा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बालसमुहका प्रतिनिधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाको विषयमा सरोकारवालावीच संचार एवं कार्यक्रमहरुको बारेमा प्रभावकारिताको अनुगमन गर्न बालसमुहसँग सहकार्य गर्न सक्नेछन् ।

(३) सेवा प्रदायक निकायहरूले बालसमुहका सदस्य तथा बालसमुहसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिनेछैन ।

(४) सेवा प्रदायका निकायहरूले बालसमुहका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिनेछैन।

(५) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्नेछैनन् ।तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न वाधा पर्नेछैन ।

(६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्ने गर्न सक्नेछैनन् । तर यातायात खर्च र सहायक सामाग्री दिन फरक

पर्नेछैन ।

**२७. गाउँपालिकाको योजना तर्जुमामा बालसमुह/सञ्जाल प्रतिनिधित्वको व्यवस्था**

(१) वस्ती, वडा तथा गाउँपालिकाको योजना निर्माण चक्रमा बालसमुह तथा सञ्जालको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बालसमुहका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) वडा तथा गाउँपालिका स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बालसमुहलाई बालबालिकाको निम्ति छुट्टयाइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिनेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

## परिच्छेद ८

## बालसमुहको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

**२८. बालसमुहको सम्मिलन**

(१) दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बालसमुहहरू सम्मिलन हुन

सक्नेछन् तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बालसमुहहरू सम्मिलन हुन सक्नेछैनन् ।

(२) सम्मिलनमा जानका लागि चाहने बालसमुहले समुहको सहजकर्ताको उपस्थितिमा सदस्यहरूको भेलाले सम्मिलनमा जाने निर्णय गर्नुपर्नेछ ।

(३) सम्मिलन गर्न चाहने सबै बालसमुहका सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरूको भेला आयोजना गरी माथि दफा ७ मा उल्लेख भएअनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।

(४) सम्मिलन पश्चात नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धितवडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा सम्मिलनको जानकारी गराउनु पर्नेछ ।

(५) यसरी सम्मिलनपछि सम्मिलन भएका बालसमुहको सूचीकरण खारेज हुनेछ र नयाँ बालसमुह सूचीकृत हुनेछ ।

## २९. बालसमुह/ सञ्जालको विघटन

(१) बालसमुहतथा सञ्जाल देहायको अवस्थामा विघटन भएको मानिनेछ:

(क) बालसमुहतथा सञ्जाल लगातार २ वर्षसम्म अद्यावधिक नभएमा विघटन गर्न सकिने छ । तर अद्यावधिक नभएका बालसमुह तथा सञ्जाल लाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित

गरिनेछ ।

(ख) बालसमुह तथा सञ्जालका बहुमत सदस्यहरूले बिघटन गर्ने निर्णय गरेमा ।

(ग) विद्यालयले उचित कारण सहित विद्यालयमा आधारित बालसमुह बिघटन गर्न सिफारिश गरेमा ।

(घ) वडा कार्यालय, गाउँपालिकाको कार्यालय वासहजकर्ता संस्थाले उपयुक्त कारण सहितबालसमुहवा सञ्जाल विघटन गर्न सिफारिस गरेमा ।

(२) माथि उपदफा (१) (ग) र (घ) अनुसार बिघटन हुनुपूर्व सार्वजनिक सूचना र बालसमुहका सदस्यहरूसँग छलफल गरिनेछ ।

(३) बिघटन भएका बालसमुह तथा सञ्जाल वडा कार्यालय र गाउँपालिकाको सूचीकरणबाट स्वतः खारेज हुनेछन् ।

(४) बिघटन भएका बालसमुह तथा सञ्जालका सम्पत्ति तथा दस्तावेजहरू सम्बन्धित विद्यालय, वडा कार्यालय वा गाउँपालिकाको कार्यालयको संरक्षणमा रहनेछ र आवश्यक भएमा अर्को बालसमुहतथा सञ्जाललाई उपलव्ध गराउन सकिनेछ ।

## परिच्छेद ९
## विविध

**३०. बालसमुहभित्र दलगत राजनीतिक तटस्थता**

(१) बालसमुहभित्र दलगत राजनीतिक प्रभावलाई

न्यूनीकरण लागि देहाय उपाय अवलम्वनगर्न सकिनेछ ।

(क) बालसमुह तथा सञ्जालका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वादलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति हुनुपर्नेछ ।

(ख) बालसमुह तथा सञ्जाल सदस्यहरुले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवद्र्धन र संरक्षणका विषयमा खुला अन्तक्रि्रया तथा छलफल कार्यक्रम आयोजना गर्नसक्नेछन् ।

(ग) बालसमुह तथा सञ्जालले कुनै एक राजनीतिक दल वा समुहसँग मात्र सहकार्य गरेर कुनैपनि कार्यक्रम वा कृयाकलाप आयोजना गर्नुहुदैन ।

(घ) बालसमुह तथा सञ्जालले सार्वजनिक पद धारण गरेका, निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति वा सहजकर्ता बनाउनुहुदैन ।

(ङ) बालसमुह तथा सञ्जालले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्नुहुदैन ।

(च) बालसमुह तथा सञ्जालले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने

वा त्यसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्नुहुदैन ।

**३१. बालसमुह/ सञ्जालभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवद्र्धन**

(१) बालसमुह/ सञ्जाल भित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवद्र्धन गर्न देहाय अनुसार गर्नुपर्नेछ:

(क) बालसमुहले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्नेछ ।

(ख) बालसमुह/सञ्जालका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विरुद्धमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नुपर्नेछ ।

(ग) बालसमुह/सञ्जालका सदस्यहरूलाई सामाजिक सदभाव प्रवर्धन गर्न, सबै धर्म, जातजाति र समुदायवीच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न, विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

(घ) बालसमुह/सञ्जालको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ ।

(ङ) बालसमुह/सञ्जालको बैठकमा संस्कृति छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ ।

## ३२. बालसमुह/ सञ्जालका क्रियाकलापको एकरुपता

(१) सवै बालसमुह तथा सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसूचि १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फारम तथा ढाँचा प्रयोगमा ल्याउन सकिनेछ ।

# अनुसूचीहरू

## अनुसूची १

## बालसमुह तथा सञ्जालको नियम ढाँचा

क) बालसमुह/सञ्जालको परिचय

नामः

ठेगानाः

सूचीकरण नम्बरः

ख) बालसमुह/सञ्जालको उद्देश्य र विषयहरू

१.

२.

३.

ग) बालसमुह/सञ्जालको संगठन

१. सदस्य बन्ने तरिका

२. नेतृत्व चयन गर्ने तरिका

३. विघटन हुने अवस्था

४. सदस्य बन्न नपाउने व्यक्तिहरू

५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरू

घ) बालसमुह/सञ्जालका सदस्यले पालन गर्नुपर्ने नियमहरू

१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरू

२. नेतृत्वमा निर्वाचित भएपछि पालन गर्ने नियमहरू

३. बैठकमा पालन गर्ने नियमहरू

४. अन्य बालसमुहका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरू

ङ) बालसमुह/सञ्जालको आर्थिक श्रोत

१. सदस्यता शुल्क

२. नवीकरण शुल्क

३. अन्य सहायता र श्रोतहरू

४. आम्दानी जम्मा गरी राख्ने ठाउँ

५. आम्दानी र खर्च विवरण राख्न तोकिएको व्यक्ति

च) अन्य विषयहरू

# अनुसूची २

## बालसमुह/सञ्जालका लागि आवश्यक आधारभूत सामग्रीहरू

१. बालसमुह/सञ्जालको सामग्री राख्नका लागि बाकस वा दराज

२. बैठक पुस्तिका

३. योजना पुस्तिका

४. बालसमुहको नियम

५. बालसमुहका अध्ययन सामग्रीहरू

६. बालसमुहको आम्दानी र खर्च लेख्ने लेखा कापी (आय-व्यय पुस्तिका)

७. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामग्रीहरू

# अनुसूची ३
## बालसमुह/सञ्जालको कार्ययोजना फारम

बालसमुह/सञ्जालको नामः

बालसमुह/सञ्जालको ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोनः

सूचीकरण नं.: ............................

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरू | विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

# अनुसूची ४

## बालसमुह/सञ्जालको कार्यप्रगति विवरण फारम

बालसमुह/सञ्जालको नामः

बालसमुह/सञ्जालको ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोनः

सूचीकरण नं.: ............................

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची ५
## बालसमुह बैठक माइन्युटको नमूना

बालसमुह/सञ्जालको नामः ....................................... बैठक संख्याः

बैठक मितिः ............................................................... बैठक स्थानः

वयस्क सहजकर्ताको नामः

आज मिति ...................मा ..................... बालसमुह/सञ्जालको बैठक यस समुह/सञ्जालका..........श्री......................... को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरूवीच तपशिलमाउल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

१)...........

२)..........

३)............

४) वयस्क सहजकर्ताः

५) आमन्त्रित (कोही भए)

**प्रस्तावहरू**

क)

ख)

ग)

**निर्णयहरू**

क)

ख)

ग)

## अनुसुचि ६

## बालसमुह/सञ्जालका पदाधिकारीहरुका लागि नमूना आचारसंहिता

- २० वर्ष नपुग्दै आफूले पनि विवाह नगर्ने, र बाल विवाह सँग सम्बन्धित कुनैपनि कृयाकलापलाई सहयोग नगर्ने ।
- कुनै पनि प्रकारको मद्यपान, धुम्रपान, सूर्तिजन्य पदार्थ तथा लागू औषधीको सेवन नगर्ने ।
- सार्वजनिक विदा वा विद्यालय विदाको दिन बाहेक अरु दिन नियमित विद्यालय जाने ।
- विद्यालयमा आयोजना गरिने अतिरिक्त कृयाकलापहरुमा सक्रिय सहभागी हुने र आयोजना गर्ने कुरामा विद्यालयलाई सहयोग गर्ने ।
- लिंग, जाति, शारीरिक अवस्था, शैक्षिक अवस्था जस्ता कुराहरुको आधारमा कुनैपनि बालक बालिकालाई भेदभावपुर्ण व्यवहार नगर्ने ।
- कुनैपनि बालक वा बालिका उपर दुव्र्यवहार नगर्ने र यसो गर्न अरुलाई पनि नउक्साउने ।
- फुर्सदको समयलाई सृजनात्मक कृयाकलापहरुमा प्रयोग गर्ने ।
- आफूलाई जोखिम नहुनेगरीघरपरिवारको कामकाजमा सघाउने ।
- टेलिभिजन, रेडियो, मोबाईल, इन्टरनेट जस्ता संचार उपकरण तथा सुविधाको दुरुपयोग नगर्ने । तर आवश्यक सुचना तथा जानकारी प्राप्त गर्न र आफ्नो पढाइलेखाइलाई थप मजबुद बनाउन प्रयोग गर्ने ।
- आफ्नो अधिकारको प्रयोग गर्दा अरुहरुलाई हानीनोक्सानी नहुने गरीगर्ने ।
- आफु भन्दा सानो उमेरका भाई बहिनीहरुलाई माया तथा हेरचाह गर्ने ।
- अभिभावक, शिक्षक र प्रौढहरुको पनि कुरा सुन्ने र राम्रो कुराहरुलाई अबलम्बन गर्ने ।
- वस्ती, समुदाय, वडा र नगरपालिका स्तरका योजना प्रक्रियाहरुमा बालबालिकाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने र बालबालिकाहरुका सवाल, समस्या तथा सरोकारहरु राख्ने ।

आज्ञाले

(केशवराज पार्धे)

प्रमुख प्रशासकीय अधिकृत